स्थानिय सरकार

# गुठिचौर गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

# धलमुडी, जुम्ला

कर्णाली प्रदेश

## होम स्टे प्रवर्द्धन कार्यक्रम सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः२०८३।०२।२८**

श्री सरोकारवालाहरु

प्रस्तुत विषयमा यस गुठीचौर गाउँपालिका जुम्लाको आर्थिक वर्ष २०८२।०८३ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार वडा न ४ को लागी **होम स्टे प्रवर्द्धन** गर्न बिनियोजित भएको रु ३००००० (तिन लाख रुपैया मात्र) बजेटको सिमा भित्र रहेर काम गर्न इच्छुक यस गुठिचौर गाउँपालिकामा सुचिकृत भएका फर्म/कम्पनी/सप्लायर्स/व्यवसायीहरुले यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र कार्यालय समयमा गुठिचौर गाउँपालिकाले तयार पारेको यसै साथ सँलग्न TOR मा रहेको BOQ को ढाचाँमा दररेट सहितको कोटेशन पेश गर्नु हुन सरोकारवालाहरूको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। यो सुचना सम्बन्धि काम गर्न मिल्ने इच्छुक फर्म/कम्पनी/सप्लायर्स/व्यवसायीहरुले माथी उल्लेखित समय भित्र गुठिचौर गाउँपालिकाको प्रशासन शाखामा खामबन्दि कोटेशन पेश गर्नुपर्ने छ। कोटेशन पेश गर्ने अन्तिम दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्नुपर्ने छ।

टेक बहादुर बुढथापा
(प्रमुख प्रशासकीय अधिकृत)

**कार्यशर्त (Terms of Reference - TOR)**

# होम स्टे प्रबर्द्धन कार्यक्रम

## गुठिचौर गाँउपालिका वडा न ४

१. पृष्ठभूमि

गुठिचौर गाउँपालिका प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय दृष्टिले महत्वपूर्ण क्षेत्र हो। स्थानीय संस्कृति, परम्परा, खानपान तथा प्राकृतिक सौन्दर्यलाई पर्यटनसँग जोड्दै स्थानीय आयआर्जन वृद्धि गर्ने उद्देश्यले होमस्टे प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएको छ। यस कार्यक्रममार्फत स्थानीय समुदायलाई होमस्टे सञ्चालन सम्बन्धी क्षमता विकास, पूर्वाधार सुधार तथा पर्यटकमैत्री सेवा प्रवाहमा सहयोग पुऱ्याइनेछ।

नेपालको ग्रामीण क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटनको प्रवर्द्धन गरी स्थानीयस्तरमा रोजगारी र आयआर्जनका अवसरहरू सिर्जना गर्न होमस्टे (घरवास) एक प्रभावकारी माध्यम साबित भएको छ। स्थानीय कला, संस्कृति, रहनसहन र रैथाने खानपानको संरक्षण गर्दै पर्यटकहरूलाई आकर्षित गर्न यस स्थानीय तहमा प्रचुर सम्भावना रहेको छ। हाल सञ्चालनमा रहेका तथा नयाँ सञ्चालन हुन चाहने होमस्टेहरूको सेवाको गुणस्तर सुदृढ गर्न, आवश्यक न्यूनतम पूर्वाधार सुधार गर्न र सञ्चालकहरूको क्षमता अभिवृद्धि गर्न चालू आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रम र बजेट बमोजिम यो 'होमस्टे प्रवर्द्धन कार्यक्रम' प्रस्ताव गरिएको छ।

२. कार्यक्रमको उद्देश्य

- गाउँपालिकाभित्र होमस्टे व्यवसायको विकास तथा विस्तार गर्ने।
- स्थानीय समुदायको आयआर्जन र रोजगारी अभिवृद्धि गर्ने।
- स्थानीय कला, संस्कृति, भेषभूषा तथा खानाको संरक्षण र प्रवर्द्धन गर्ने।
- पर्यटकलाई गुणस्तरीय तथा सुरक्षित आवास सेवा उपलब्ध गराउने।
- पर्यटन क्षेत्रको दिगो विकासमा टेवा पुऱ्याउने।

३. कार्यक्षेत्र

- गुठिचौर गाउँपालिका अन्तर्गत सम्भावित तथा सञ्चालनमा रहेका होमस्टेहरूको पहिचान ।
- होमस्टे सञ्चालक तथा इच्छुक व्यक्तिहरूलाई तालिम प्रदान गर्ने ।
- सरसफाइ, आतिथ्यता तथा पर्यटक सेवा सम्बन्धी अभिमुखीकरण ।
- होमस्टे मापदण्ड तथा दर्ता प्रक्रियाबारे जानकारी ।
- प्रचारप्रसार सामग्री निर्माण तथा वितरण।
- आवश्यकतानुसार नमुना होमस्टे अवलोकन भ्रमण।

४. लक्षित समूह

- होमस्टे सञ्चालन गरिरहेका परिवार।
- होमस्टे सञ्चालन गर्न इच्छुक स्थानीय परिवार।
- महिला, युवा तथा पर्यटनसँग सम्बन्धित स्थानीय समूह।
- गुठिचौर गाँउपालिकाका सम्पुर्ण व्याक्तिहरु ।

५. कार्यक्रमका प्रमुख गतिविधिहरू

- ✓ सुरक्षित रहनको लागि सि सि क्यामरा जडान ।
- ✓ वासस्थानको लागी राम्रो कोठा व्यावस्थापन गर्ने ।
- ✓ होम स्टे व्यावस्थापन गर्ने।
- ✓ शुद्ध तातो चिसो पिउने पानिको व्यावस्था गर्ने ।

६. अपेक्षित उपलब्धि

- ✓ गुठिचौर गाउँपालिकाको भौगोलिक रूपमा टाढा रहेका वडा नं. १ र २ का स्थानीयबासीहरुको वासस्थान हुने
- ✓ गाँउपालिका भित्रका कर्मचारी, स्थानिय बासि र कर्मचारीहरुलाई खाना खाजा र बसोवास गर्न सजिलो हुने।
- ✓ होमस्टे सञ्चालन सम्बन्धी ज्ञान र सीप अभिवृद्धि हुने।
- ✓ नयाँ होमस्टे स्थापना तथा सञ्चालनमा प्रोत्साहन मिल्ने।
- ✓ स्थानीय पर्यटन प्रवर्द्धनमा सकारात्मक प्रभाव पर्ने।
- ✓ स्थानीय आयआर्जन तथा रोजगारीका अवसर वृद्धि हुने।

७. कार्यान्वयन अवधि

कार्यक्रम स्वीकृति पश्चात १५ दिनभित्र सञ्चालन गरी प्रतिवेदन पेश गरिनेछ।

८. जिम्मेवारी

- गाउँपालिका
- कार्यक्रम स्वीकृति, समन्वय तथा बजेट व्यवस्थापन।
- अनुगमन तथा मूल्याङ्कन।
- सम्बन्धित होम स्टेका सञ्चालकहरु।
- कार्यक्रम सञ्चालन गर्ने ब्याक्तिहरु ।

९. अनुगमन तथा मूल्याङ्कन

- ✓ गाँउपालिकाका सम्पुर्ण जनप्रतिनिधि र कर्मचारीहरुले कार्यक्रम अवधिभर नियमित अनुगमन।

प्रमुख प्रशासकीय अधिकृत

१०. कार्यक्रमका लागि आवश्यक पर्ने बजेटको बिवरण

गुठिचौर गाँउपालिका वडा न ४ मा सञ्चालन गरिने होम स्टे प्रवद्धन कार्यक्रममा बिनियोजित रु ३ लाखको सिमा भित्र रहेर तपशिल बमोजिमको खर्च गर्नुपर्ने छ।

तपशिल

| क्र स | विवरण | एकाई | परिणाम | दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बेड /पलङ्ग | वटा | ३ | २१००० | ६३००० | |
| २ | सेतो कपासको डस्ना | वटा | ६ | १०००० | ६०००० | |
| ३ | तन्ना | वटा | ९ | १००० | ९००० | |
| ४ | सिरानि फाईवर | वटा | ६ | ६०० | ३६०० | |
| ५ | फाईवर सिरक | वटा | ६ | ३५०० | २१००० | |
| ६ | टावेल | वटा | १० | १२०० | १२००० | |
| ७ | टेबुल | वटा | २ | ५००० | १०००० | |
| ८ | प्लाष्टिकका कुर्चि | वटा | १० | १२०० | १२००० | |
| ९ | ऐना | वटा | २ | २००० | ६००० | |
| १० | भित्ते घडि | वटा | २ | २५०० | ५००० | |
| ११ | सि सि क्यामरा | पिस | ३ | ७५०० | २२५०० | |
| १२ | वटर डिस्पोन्सर ३ ईन १ | वटा | १ | २५००० | २५००० | |
| १३ | कोठा फिनिसिङ्ग | एकमुष्ट | १ | ६४३०० | ३४९०० | |
| १४ | ग्यास हिटर | सेट | १ | १६००० | १६००० | |
| | जम्मा | | | | ३००००० | |

११. भुक्तानि सम्बन्धि

कार्यक्रम सम्पन्न भई सकेपछि अनुगमन समितिले अनुगमन गरेर बिल भर्पाई बुझाएर मात्र १०० प्रतिशत बैङ्क खाता मार्फत भुक्तानि गरिने छ ।

## १२. सेवा प्रदायकको योग्यता तथा अनुभव

होम स्टे प्रवद्धन कार्यक्रम सञ्चालन गर्न इच्छुक संस्था, फर्म, कम्पनीले निम्न योग्यता पूरा गरेको हुनुपर्नेछः

### क) संस्थागत योग्यता

- प्रचलित कानून बमोजिम दर्ता भएको संस्था, फर्म, कम्पनी, सहकारी वा गैरसरकारी संस्था हुनुपर्ने ।
- स्थायी लेखा नम्बर (PAN) मा दर्ता भएको हुनुपर्ने ।

- कर चुक्ता प्रमाणपत्र पेश गर्नुपर्ने।
- संस्थाको अद्यावधिक नवीकरण भएको प्रमाणपत्र पेश गर्नुपर्ने।

Guthichaur Rural Municipality

Office of Executive Municipality

Province Karnali

Dhawalmudi, Jumla.

## BILL OF QUANTITY

कार्यक्रम / आयोजनाको नाम: होम स्टे प्रवद्धन कार्यक्रम

ठेगाना :- गुठिचौर गाँउपालिका वडा न ४ जुम्ला

| Item No. | Description of Works | Unit | Quantity | Rate NRs. | | Total Amount NRs. | Remarks |
|---|---|---|---|---|---|---|---|
| | | | | In Figures | In Words | | |
| 1 | होम स्टे प्रवद्धन कार्यक्रम | पटक | 1.00 | | | | |
| | | | | | GRAND TOTAL | | |

In words:

Firm Name :-

Address :- Sign :-

Stamp :- Date :-